लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र अर्घाखाँची

फोन नं. ०७७४२०१२६/९८५७०६३९२६
Email: akcarghakhanchi@gmail.com
Website: www.akcarghakhanchi.com
स्थान: सन्धिखर्क

पत्र सङ्ख्या : २०८१/०८२
च.नं.

लुम्बिनी प्रदेश सरकार
कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
अर्घाखाँची

# कार्यक्रम सञ्चालनका लागि आवेदन /प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना

*(प्रथम पटक प्रकाशन भएको मिति २०८१/०६/१५)*

आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसील अनुसारका कार्यक्रमहरुमा सहभागी हुन इच्छुक आवेदकहरुले सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र (मिति २०८१।०७।१४ गते सम्म) यस केन्द्रमा तपसील अनुसारका कागजातहरु सहित केन्द्रले निर्धारण गरेको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसील वमोजिमका कागजात संलग्न राखि निवेदन पेश गर्नुहुन सम्वन्धित सवै (कृषक समूह/कृषि सहकारी/कृषक उद्यमी/फर्म/कम्पनी)को जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, व्यवसायिक योजना, संलग्न गर्नुपर्ने कागजात, सञ्चालन कार्यविधि कृषि ज्ञान केन्द्रको वेवसाईट(www.akcarghakhanchi.gov.np)वाट प्राप्त गर्न सकिनेछ वा कृषि ज्ञान केन्द्र,अर्घाखाँचीको Facebook page र Youtube मा Coach BGR वाट पनि प्राप्त गर्न सकिने छ।

तपशिलः

| सूचना नं | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | अनुदानको सीमा |
|---|---|---|---|---|
| २ | बीउ आत्मनिर्भर कार्यक्रम (खाद्यान्न,दलहन, तेलहन) | उत्पादन सामाग्री: स्रोत बीउ, सूचीकृत प्राङ्गारिक मल, विषादी, शुक्ष्मतत्व खरिद<br>प्याकेजिङ्ग सामाग्री, बीउ प्रमाणीकरण खर्च, प्रशोधन सहयोग,यन्त्र उपकरणहरु खरिद | खाद्यान्न वाली बीउको लागि न्यूनतम ६० रोपनी, दलहन/तेलहन बीउको लागि न्यूनतम २० रोपनी, लसुन तथा प्याज बीउ ५ रोपनी, तरकारी बीउ ५ रोपनी र आलु बीउको लागि न्यूनतम २० रोपनी क्षेत्रफलमा संचालन गर्नुपर्ने।<br>बीउ विजन कारोवार गर्ने अनुमतिपत्र लिएको हुनुपर्ने वा त्यस्तो संस्थासँग समन्वय गरेको हुनुपर्ने<br><br>स्रोत तथा प्रमाणित बीउ उत्पादकलाई प्रायमिकता दिईने | आलु (पि.बि.एस प्रति १०० दाना) वाट बीउ उत्पादनका रु २५००/-<br>तरकारी, लसुन,प्याज तथा अन्य स्तर आलु बीउ उत्पादनमा प्रति रोपनी रु ५०००/-(पि.बी.एस. वाहेक)<br><br>खाद्यन्न/दलहन/तेलहन बीउ उत्पादनमा प्रति रोपनी रु १५००/- अनुदान दिईने। |

Coach BRG

बुद्धिराज घिमिरे
प्रमुख
अधिकृत स्तर दशौं तह

फोन नं. ०७७४२०१२६/९८५७०६३९२६
Email: akcarghakhanchi@gmail.com
Website: www.akcarghakhanchi.com
स्थान: सन्धिखर्क

पत्र सङ्ख्या.: २०८१/०८२
च.नं.

| | | | | |
|---|---|---|---|---|
| ३ | सिंचाइ सहित कृषि विकास कार्यक्रम | सोलार सिंचाइ,थोपा सिंचाइ,लिप्ट सिचाई,बोरिङ्ग, मोटर,पाइप,ड्रिप तथा स्प्रिङ्कलर,पम्पसेट लगायतका सिंचाइ सामाग्री खरिद। सिंचाइ कुलो/पोखरी/टंकी बोरिङ्ग, लिप्ट सिंचाइ निर्माण तथा सुधार। | कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी/जल उपभोक्ता समिति सहभागी हुन सक्ने ।<br>निजिको हकमा न्यूनतम ५ रोपनी र सामुहिकको हकमा ५० रोपनीमा सिंचित क्षेत्र विस्तार गर्नुपर्ने । | पूर्वाधार निर्माणको हकमा कुल लागतको अधिकतम ७५ प्रतिशत र अन्य (मोटर, पम्पसेट, पाईप आदि) को हकमा अधिकतम ५० प्रतिशत<br>समूह/सहकारीको हकमा अधिकतम रु ५ लाख र व्यक्तिगत वा फर्म/कम्पनीको हकमा अधिकतम रु २ लाख अनुदान। |
| ४ | करार खेती कार्यक्रम | करारमा खेती गर्ने कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारीलाई जग्गा भाडामा सहयोग गरिने। | करारनामा स्थानीय तहको रोहवरमा गर्नुपर्ने<br>एकाघरको परिवार बाहेकमा करारनामा हुनुपर्ने<br>करारनामामा कम्तिमा ५ वर्ष खेती गर्ने प्रतिवद्धता हुनुपर्ने | प्रति हेक्टर अधिकतम ३० हजारका दरले जग्गा भाडा बापत अनुदान दिन सकिने (प्रति रोपनी १५००।-)<br>प्रति अनुदानग्राही अधिकतम ३ हेक्टरसम्म कार्यक्रम सञ्चालन गर्न सकिने (६० रोपनी) |
| ५ | सिंचाई आयोजनाको कमाण्ड क्षेत्रमा वाली सघनता वृद्धि कार्यक्रम | उत्पादन सामाग्री( वीउविजन, वेर्ना,नर्सरी,शुक्ष्मतत्व तथा उत्पादन सामाग्रीमा सहयोग । यन्त्र उपकरण), प्रसोधन, प्याकेजिङ, वजारिकरण सहयोग, प्राविधिक सेवाटेवा । | वाली सघनता बृद्धि कार्यक्रम हिउदे वा बसन्तवाली (चैते धान, बसन्ते मकै,तरकारी,तोरी,मास,मसुरो,मुङ,चना, राजमा,शुर्यमुखि, लसुन,प्याज)मा कम्तिमा १०० रो. क्षेत्रफलमा कार्यक्रम संचालन गर्नुपर्ने,सम्बन्धित उपभोक्ता र स्थानिय तहसँग समन्वयगरि कार्यक्रम संचालन गर्नुपर्ने ।<br>छनौट भएको स्थलमा जल उपभोक्ता समिति/उपसमितिको समन्वयमा कृषक र वाली छनौट गरि कार्यक्रम संचालन गर्ने । | कार्यबिधि अनुसार कार्यलयबाट लागत अनुमान स्वीकृत गरि कार्यक्रम सैचालन गर्ने/गराउने ।प्रति २० रोपनी १ लाख सम्म खर्च गर्न सकिने,जसमा प्रबिधि प्रसार र अभिमुखिकरणको लागि १० प्रतिशत खर्च गर्न सकिने छ । |

Coach BRL

बुद्धिराज घिमिरे
प्रमुख
अधिकृत स्तर दशौं तह

लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, अर्घाखाँची

फोन नं. ०७७४२०१२६/९८५७०६३१२६
Email: akcarghakhanchi@gmail.com
Website: www.akcarghakhanchi.com
स्थान: सन्धिखर्क

पत्र सख्या.: २०८१/०८२
च.नं.

| | | | | |
|---|---|---|---|---|
| ६. | कागती खेती प्रवर्द्धन कार्यक्रम (सन्धिखर्क नगरपालिका) | उत्पादन सामाग्रीहरु: प्रङगारिक मल, बेर्ना, सिंचाईका लागि आवश्यक पाईप,मल्चिङ प्लाष्टिक र बजारीकरण सम्बन्धी कार्यहरु। | कम्तीमा २० रोपनी क्षेत्रफलको एक वटा क्लस्टर हुनुपर्ने, बगैचा रेखाङकन अनुवार्य गर्नुपर्ने, बिरुवा ५मि.•५मि. को दुरीमा ३ गहिरो र ३ फिट गोलाईको खाढलमा ४०० वटा बिरुवा रोप्नुपर्ने । लगाएको बिरुवा मरेमा सम्बन्धित कृषकलेनै पुनः रोपण गरेने प्रतिवद्धता हुनुपर्ने । सिंचाईको सुविधा भएको र जमिन ३० डिग्री भन्दा बढी भिरालो हुन नहुने । | कुल लागतको अधिकतम ५० प्रतिशत वा प्रति आयोजना बढीमा १ लाख अनुदान दिन सकिने |
| ७ | मौरी प्रवर्द्धन कार्यक्रम (मालारानी गा.पा.) | महमदानी, सुपर सहितको मौरी घार, घुम्ती,धुवादानी,रानी ढोका,क्वीनकेज,आहारादानी,हाईभटुल,पन्जा,ब्रस,मह छान्ने भाढा, रानी छेक्ने पाता,आधारचाका वनाउने मेशिन खरिद । उन्नत रानु खरिद,मौरीजन्य प्रशोधन तथा वजारीकरण सामग्रीहरु खरिद । | कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने<br>मौरी सहितको कम्तीमा २० घार मौरीपालन गरेको वा विस्तार गर्न सक्ने हुनुपर्ने। | प्रति अनुदानग्राही कुल लागतको अधिकतम ५० प्रतिशत वा अधिकतम रु १ लाख अनुदान। |
| ८ | हिउँदे /वर्षे फलफूल बिरुवा वितरण | विभिन्न जातका उन्नत/वर्णशङ्कर फलफूल बिरुवा खरिद, ढुवानी र वितरण | कम्तिमा २५ बोटको १ बगैचा स्थापना गर्नुपर्ने । | शतप्रतिशत अनुदानमा बिरुवा वितरण,स्थानिय तह वा वडाको सिफारिस पत्र, जग्गाको लालपूर्जा । |
| | पि.वी.एस. वीउ | वीउ खरिद तथा | कृषक/फर्म/कम्पनी/कृषक समुह/सहकारी सहभागि | कुल लागतको २५ प्रतिशत खर्च |

Coach OK

बुद्धिराज घिमिरे
प्रमुख
अधिकृत स्तर दशौं तह

लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, अर्घाखाँची

फोन नं. ०७७४२०१२६/९८५७०६३१२६
Email: akcarghakhanchi@gmail.com
Website: www.akcarghakhanchi.com
स्थान: सन्धिखर्क

पत्र सङ्ख्या.: २०८१/०८२
च.नं.

| | | | | |
|---|---|---|---|---|
| ९ | आलु वितरण | वितरण | हुन सक्ने,सिंचाई सुविधा भएको र प्राविधिक रुपमा विउ आलु उत्पादन हुन सक्ने,उत्पादित आलु विउ प्रयोजनमा प्रयोगको लागि प्रतिवद्धता हुनुपर्ने । | सम्वन्धित उपभोक्ताले व्यहोर्नु पर्ने । |
| १० | वालीवस्तु विशेष सघन व्यवसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम(सुन्तलाजात र तरकारी) | बीउ/विरुवा, खाडल तथा अन्य उत्पादन सामाग्री सहयोग<br>क्षमता अभिवृद्धि<br>प्लाष्टिक टनेल निर्माण | सुन्तलाजात र तरकारीको हकमा कम्तिमा ४० रोपनीको क्लस्टरमा लगाउनु पर्ने, आवश्यक पर्ने जग्गा सम्बन्धित प्रस्तावकको नाममा भएको हुनुपर्ने वा भाडामा लिएको हकमा प्रचलित कानून बमोजिम कम्तीमा १० वर्षको करार सम्झौता हुनुपर्ने | बीउ/विरुवामा शत प्रतिशत अनुदान र प्रति खाडल(३*३*३ घन फुट)का लागि रु १०० उपलब्ध हुने<br>प्लाष्टिक टनेलको प्रति वर्ग मिटर रु २७५का दरले खर्च गर्न सकिने र वाकी रकम आवश्यकताका आधारमा प्रति हेक्टर अधिकतम रु.५ हजार अन्य उत्पादन सामाग्रीहरु(बीउ, विषादी, जैविक मल आदी) का लागि खर्च गर्न सकिने । |

संलग्न गर्नु पर्ने कागजातहरू

१. निवेदन, अनुसूची-३३ (दफा-९ सँग सम्बन्धित) ।
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि र गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव, अनुसूची-३५ ।
५. सम्वन्धित स्थानीय तह वा वडा कार्यालयको सिफारिश पत्र।
६. समूह तथा सहकारीको हकमा अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि।
७. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
८. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।
९. जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा ( करार पत्र)।

पुनश्च उल्लेखित मिति भित्र आवश्यक कागजात तथा प्रक्रिया नपुगेका आवेदनहरु माथि प्रक्रिया अघि बढाउन कार्यालय बाध्य हुने छैन। आवेदन तथा प्रस्ताव भर्न असमर्थ कृषक, कृषक समूह तथा सहकारीहरुलाई कृषि ज्ञान केन्द्रमा स्थापना गरिएको

बुद्धिराज घिमिरे
प्रमुख
अधिकृत स्तर दशौं तह

लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, अर्घाखाँची

फोन नं. ०७७४२०१२६/९८५७०६३९२६
Email: akcarghakhanchi@gmail.com
Website: www.akcarghakhanchi.com
स्थान: सन्धिखर्क

पत्र सख्या. : २०८१/०८२
च.नं.

सेवाग्राही सहयोगी कक्षमा रहेका कर्मचारीहरुबाट र यस केन्द्र मार्फत स्थानीय तहमा खटाईएका प्राविधिकहरुबाट सहजिकरण हुनेछ।

थप जानकारीका लागि

कृषि ज्ञान केन्द्र, अर्घाखाँची

०७७-५२०१२६

९८५७०६३९२६

..........................
बुद्धिराज घिमिरे
प्रमुख

बुद्धिराज घिमिरे
प्रमुख
अधिकृत स्तर दशौं तह